का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ भदौ २०८२
बुधबार
20 August 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक
वर्ष २३, अंक १९९ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# दुई तिहाइको बल प्रयोग प्रयास

इन्दिरा रानालाई उपसभामुखबाट हटाएर आफूअनुकूल पात्र लैजाने र संवैधानिक परिषद्मा सत्तापक्षको बहुमत पुऱ्याउने प्रयासमा कांग्रेस र एमाले लागेका हुन् । यसका निम्ति दुई तिहाइ मतको प्रयोग गर्ने प्रयास भएको हो ।





चाहेको बेला दुई तिहाइ मत पुग्छ । पहिले सांसदहरूको हस्ताक्षर संकलन गर्ने कुरा हो, गऱ्यौं । बाँकी घटनाक्रम आफैं विकास हुँदै जान्छन् ।

**श्यामकुमार घिमिरे**
प्रमुख सचेतक
नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ भदौ

नेपाली कांग्रेस र नेकपा एमालेले प्रतिनिधिसभामा उपसभामुख इन्दिरा रानाविरुद्ध पदअनुकूल आचरण नगरेको प्रस्ताव लैजाने तयारी गरेका छन् । यसका निम्ति दुवै दलले मंगलबार सांसदहरूको हस्ताक्षर संकलन गरेका छन् । मंगलबार भने प्रतिनिधिसभामा उपसभामुख रानाविरुद्ध कुनै प्रस्ताव दर्ता भएको छैन ।

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार सांसदहरूको हस्ताक्षर संकलनको काम जारी छ । सांसदहरूको हस्ताक्षर भने खाली कागजमा गराइएको छ । खाली कागजमा हस्ताक्षर गर्ने अभ्यास विगतमा पनि रहेको र भविष्यमा पनि रहने भएकाले यसपटक नयाँ कुरा नगरेको प्रमुख सचेतक घिमिरेको जवाफ छ ।

तथापि मंगलबार नै उपसभामुखविरुद्ध प्रस्ताव किन दर्ता भएन ? पृष्ठ २ मा

## विरोधमा विपक्षी



कांग्रेस र एमालेले उपसभामुखलाई हटाउने तयारी गरेसँगै त्यसको प्रतिवाद गर्ने निष्कर्षमा विपक्षी दल पुगेका छन् । नेकपा माओवादी केन्द्रको संसदीय दलको कार्यालय सिंहदरबारमा विपक्षी दलहरूको बैठक बस्यो र प्रतिवाद गर्ने निष्कर्षमा पुग्यो ।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेका अनुसार रास्वपाले उपसभामुखलाई हटाउने प्रयास कांग्रेस र एमालेले पटकपटक गरेको स्मरण गऱ्यो । रास्वपाका उपसभापति डोलप्रसाद अर्यालले यसअघि ३ असोज २०८१ मा रानालाई हटाउने प्रयास भएको बताए । त्यसबेला रोकिएको कदम पृष्ठ २ मा

# प्रहरीमा नेतृत्वको दौड

- आइजिपीसहित तीन एआइजी अवकाशमा जाँदै
- ३२औं आइजिपी बन्न पाँच एआइजीको प्रतिस्पर्धा
- चार एआइजीका लागि नौ जना भिड्दै

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ भदौ

नेपाल प्रहरीका आइजिपी दीपक थापासहित तीन एआइजी भदौ दोस्रो हप्तामा अनिवार्य अवकाश हुँदै छन् । प्रहरीको विद्यमान ऐनअनुसार ३० वर्षे सेवा अवधि पूरा गरी उनीहरू भदौ १८ मा अवकाश हुन लागेका हुन् । संसदमा विचाराधीन रहेको नेपाल प्रहरी विधेयक २०८१ संसदको नियमित प्रक्रियामा रोकिएसँगै पुरानै ऐन कार्यान्वयन हुँदा उनीहरूलाई समय थप्ने सहुलियत सकिएको हो ।

करिब ७५ हजार संख्या रहेको प्रहरी संगठनको आगामी नेतृत्व कसले गर्छ ? भन्ने चासो सर्वत्र छ । थापाको अवकाश निश्चित भएसँगै ३२औं आइजिपीका लागि प्रतिस्पर्धाको बाटो खुलेको छ । यदि संसदमा विचाराधीन रहेको नेपाल प्रहरी विधेयक २०८१ अध्यादेशबाट जारी भएमा वा प्रहरी सेवा नियमावलीमा संशोधन गरी ३० वर्षे अवधि हटाएमा भने भदौमा हुने रिक्तता एक वर्षका लागि टर्ने थियो । तर अहिले नै ऐन आउने सम्भावना छैन । सभापति रामहरि खतिवडाले राजीनामा दिएपछि एक सातादेखि खाली रहेको संसद्को पृष्ठ २ मा

## एआइजीमा नौ प्रतिस्पर्धी

नेपाल प्रहरीको वरिष्ठताअनुसार २०८१ मंसिर र पुसमा एसएसपीबाट डिआइजी बढुवा भएका अधिकृत अब हुने एआइजी बढुवाका दाबेदार हुन् । भदौमा रिक्त हुने तीन एआइजीका निम्ति एउटै ब्याचका चार डिआइजी दाबेदार देखिएका छन् । राष्ट्रिय अनुसन्धानबाट आएका सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विक एआइजीका प्रमुख दाबेदार हुन् । यीमध्ये राठौर प्रहरी प्रधान कार्यालयको प्रबन्ध शाखा, चतुर्वेदी मधेस प्रदेश प्रदेश, श्रेष्ठ अख्तियार दुरुपयोग पृष्ठ २ मा

## डिआइजीमा १२ को दाबेदारी

नेपाल प्रहरीको वरिष्ठताअनुसार २०८१ मंसिर र पुसमा एसएसपीबाट डिआइजी बढुवा भएका अधिकृत अब हुने एआइजी बढुवाका दाबेदार हुन् । भदौमा रिक्त हुने तीन एआइजीका निम्ति एउटै ब्याचका चार डिआइजी दाबेदार देखिएका छन् । राष्ट्रिय अनुसन्धानबाट आएका सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विक एआइजीका प्रमुख दाबेदार पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

# कोरिया रोजगारीका लागि एक लाखले दिए आवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ भदौ

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत रोजगारीका लागि दक्षिण कोरिया जानका लागि एक लाख जनाले आवेदन दिएका छन् । इपिएस शाखा ग्वार्कोले सन् २०२५ का लागि पाँच हजार नेपाली कामदारका लागि साउन २६ गतेदेखि ३१ गतेसम्म दरखास्त आह्वान गरेको थियो । त्यसमा एक लाख तीन हजारले आवेदन दिएका हुन् ।

कोरियाले नेपाललाई सन् २०२५ का लागि उत्पादनमूलक क्षेत्रका लागि तीन हजार पाँच सय तथा कृषि पशुपालन क्षेत्रका लागि एक हजार आठ सय कोटा दिएको छ ।

पछिल्ला वर्षहरूमा दक्षिण कोरियाले इपिएस प्रणालीमा नेपाललाई दिँदै आएको कोटा घटाउँदै ल्याएको छ । कोरियाले २०७९ सालमा २२ हजार, २०८० मा ११ हजार र २०८१ मा ११ हजार नेपाली कामदार जिटुजी प्रणालीमार्फत कोरिया लगेको थियो । पृष्ठ २ मा

## कुवेतमा अवैधानिक कामदारविरुद्ध धरपकड सुरु

**कुवेत/मस–** विषाक्त मदिरा सेवनबाट ठुलो संख्यामा आप्रवासी कामदारको मृत्यु र अंगभंग भएपछि कुवेत सरकारले अवैधानिक कामदारविरुद्ध धरपकड 'स्विप' अभियान सुरुवात गरेको छ ।

कुवेतको सार्वजनिक मानव अधिकारका लागि प्राधिकरण (पाम)ले श्रम कानुन र यसको कार्यान्वयन नियमहरूको पूर्ण पालना सुनिश्चित गर्न रोजगारदाताहरूले विदेशी कामदार भर्नाका फाइलहरूको निगरानी गर्न सुरु गरेको बताएको छ ।

प्राधिकरणले श्रम बजारलाई गैरकानुनी अभ्यासहरूबाट जोगाउन विभिन्न क्षेत्रमा तीव्र अभियान सञ्चालन जारी राख्ने बताएको छ । प्राधिकरणले रोजगारदाताहरूलाई श्रम कानुनको पूर्ण पालना गर्न आग्रह गरेको छ । साथै प्राधिकरणले कुवेतले गैरकानुनी कामदारहरूलाई रोजगारी दिने रोजगारदाता कानुनी जवाफदेही हुनुपर्ने र पृष्ठ २ मा

# प्रधानमन्त्रीपछि मन्त्रीहरूले थाले कार्यसम्पादन सम्झौता

प्रधानमन्त्री केपी शर्मा ओलीसँग कार्यसम्पादन सम्झौता गरेका मन्त्रीहरूले आफू मातहतका निकायका कर्मचारीहरूसँग पनि उस्तै गरी कार्यसम्पादन सम्झौता गर्न थालेका हुन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ भदौ

संघीय सरकारका मन्त्रीहरूले आफू मातहतका निकायका कर्मचारीसँग पनि उस्तै गरी कार्यसम्पादन सम्झौता गर्न थालेका छन् ।

मन्त्रीहरूले गत साउन २९ गते प्रधानमन्त्री केपी शर्मा ओलीसँग कार्यसम्पादन सम्झौता गरेका थिए । लगत्तै मन्त्रीहरूले आफू मातहतका निकायका कर्मचारीसँग पनि उस्तै गरी कार्यसम्पादन सम्झौता गर्न थालेका हुन् ।

मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सेवाप्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउने लक्ष्यसहित स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र मन्त्रालयका सचिवहरूबीच कार्यसम्पादन करारमा हस्ताक्षर भएको छ । बुधबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा मन्त्री पौडेलले स्वास्थ्य सचिव डा. विकास देवकोटा र प्रशासन सचिव डिल्लीराम शर्मासँग एकवर्षे कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले नीतिगत सुधारले मात्र पर्याप्त नहुने, त्यसको कार्यान्वयन तल्लो तहसम्म पुगेर नागरिकले अनुभूति गर्न पाउनुपर्नेमा जोड दिए । उनले जनताको सन्तुष्टिलाई केन्द्रमा राखेर काम गर्न र परिणाम देखाउन आग्रह पृष्ठ २ मा



स्वास्थ्य क्षेत्रको अडिट अब सूचकांकले मात्र होइन, सेवाग्राहीले पाउने व्यवहार र सन्तुष्टिले मापन गरिनुपर्छ ।

**प्रदीप पौडेल**
मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL ADRAK TRADING AND CONTRACTING LLC
पूर्व स्वीकृत मिति: २०८२/०५/०३
चलानी नं.: ६०२४३३७८
शहर: MUSCAT
L.T. No.: 329556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason General | 80 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,४७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Reinforcing Fitter | 30 | 0 | | 120 | ४३,४७१ | | | | | | | |
| 3. | Wiring Electrician General | 10 | 0 | | 120 | ४३,४७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ११ गते (27 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता नेपालगंजमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता जनकपुरमा २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd.
Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४५५३३२१, ४५५४५७१, ४५५६३६१, फ्याक्स: ४४६५३५५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np


# जलवायु परिवर्तनको समस्या राजनीतिक सीमामा सीमित हुँदैन : सभामुख

**काठमाडौं/मस-** सभामुख देवराज घिमिरेले जलवायु परिवर्तनको समस्या राजनीतिक सीमामा सीमित नरहने बताएका छन् ।

हिन्दुकुश हिमालय संसदीय सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले कुनै एक देशले मात्रै जलवायु परिवर्तनको समस्या समाधान गर्न नसक्ने बताए । उनले जलवायु परिवर्तनको समस्या समाधान गर्न सबैको साझा प्रयत्न आवश्यक रहेको बताए । उनले यो काम मुलतः सरकारको भएपनि विधायनका हैसियतमा धेरै कामहरु गर्न सकिने बताए ।

सांसदहरु वैज्ञानिक नभए पनि जलवायु अनुकुलनका लागि बजेट पारित गर्न सक्ने र इन्जिनियर नभएपनि इकोसिस्टम बनाउने र कार्बन उत्सजर्न नियमन बनाउने कानुनको डिजाइन गर्नसक्ने बताए । सांसदहरुले किसान, मछुवारका लागि आवाज उठाउनसक्ने, जागरण पैदा गर्नसक्ने, विषाक्त वायुमा श्वास लिन बाध्य बालबालिकाको चित्कार, एक गाग्री पिउने पानीका लागि बिहानै



कोशौं दूरी तय गर्नुपर्ने मानिसहरुको पीडा कम गर्नसक्ने बताए ।

सभामुख घिमिरेले भने, 'जलवायु परिवर्तनको समस्या राजनीतिक सीमामा सिमित रहँदैन । र कुनै एक देशले मात्रै यसको समाधान गर्न सक्दैन । त्यसैले यसको सामाा गर्न हामी सबैको साझा प्रयत्न आवश्यक छ। हामीलाई थाहा छ, यो काम मुलतः सरकारको हो। तर विधायनका हैसियतमा हामीले पनि गर्नसक्ने धेरै कामहरु छन् । हामीले गर्नैपर्छ । हामी सांसदहरु वैज्ञानिक नहौंला, तर जलवायु अनुकुलनका लागि बजेट पारित गर्न सक्दछौं । हामी सांसदहरु इन्जिनियर नहौंला तर हामी इकोसिस्टम बनाउने र कार्बन उत्सजर्न नियमन बनाउने कानुनको डिजाइन गर्नसक्छौं। तिनको कार्यान्वयनको निगरानी गर्नसक्छौं । हामी अभियन्ता होइनौं, तर हामी किसान, मछुवारका लागि आवाज उठाउनसक्छौं र जागरण पैदा गर्नसक्छौं । हामी विषाक्त वायुमा श्वास लिन बाध्य बालबालिकाको चित्कार, एक गाग्री पिउने पानीका लागि बिहानै कोशौं दूरी तय गर्नुपर्ने मानिसहरुको पीडा कम गर्नसक्छौं। यि विषयमा सरकारलाई काम गर्न बाध्य बनाउनसक्छौं । यो हामीले गर्नैपर्ने काम हो ।' सभामुख घिमिरेले वन जंगल र हिमताल जोगाउने कानुन पारित गर्न आह्वान गरे ।

# जापानिज इन्सेफ्लाइटिसबाट ११ जनाको मृत्यु, ६३ संक्रमति

**काठमाडौं/मस-** जापानिज इन्सेफ्लाइटिसबाट सन् २०२५ को हालसम्म ११ जनाको निधन भएको छ। स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा.अभियान गौतमले हालसम्म ६३ जनामा जापानिज इन्सेफ्लाइटिस देखिएको र ११ जनाको मृत्यु भइसकेको बताए ।

उनका अनुसार तेह्रथुम, बारा, मोरङ, झापा, नवलपराली पश्चिम, कैलाली, प्युठान र अर्घाखाँचीका एक/एक जना तथा चितवन तीन जनाको मृत्यु भएको छ। मृत्यु भएकामध्ये आठ वर्षका एक जना, १७ वर्षका एक जना र ४० वर्षभन्दामाथिका नौ जना रहेका छन् ।

शाखा प्रमुख डा.गौतमका अनुसार घरमा नै रहेका ३० प्रतिशत र अस्पताल जाँदाजाँदै २७ प्रतिशतमको मृत्यु भएको छ । सन् २०२४ मा जापानिज इन्सेफलाइटिस्बाट २५ जनाको निधन भएको थियो भने ८६ जनामा संक्रमण भएको थियो ।

उनले जापानिज इन्सेफलाइटिस् खोप नलगाएकाहरूमा धेरै संक्रमण देखिएको बताए । उनले भने,



'हालसम्म २४ जिल्लामा ५० वटा स्थानीय तहमा यसको देखिएको छ । २४ वटा स्थानीय तहलाई उच्च जोखिमको रूपमा लिइएको छ। यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ ।'

उनका अनुसार नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफलाइटिस्विरुद्धको खोप लगाई सकिएको छ ।

चिकित्सकहरूका अनुसार जापानिज इन्सेफलाइटिस् मस्तिष्कमा सङ्क्रमण हुने क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो लामखुट्टे साँझपख तथा झिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्दछ। धानबाली, दलदल र पानी जम्ने स्थान लामखुट्टेको लागि उपयुक्त प्रजननस्थल भएकाले यस्ता क्षेत्रमा सङ्क्रमणको जोखिम बढी हुने गरेको बताइन्छ ।

जापानिज इन्सेफ्लाइटिस् गम्भीर अवस्थामा पुग्यो भने मस्तिष्क सुन्निने, पक्षाघात हुने, बेहोस हुने, कोमामा जाने वा ३० प्रतिशतसम्मको मृत्युसमेत हुनसक्ने डा. गौतमले बताए। यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्न सक्ने भए पनि धेरैजसो १५ वर्षमुनिका बालबालिकामा देखिने गर्दछ । यो रोग संक्रमित हाँस, कुखुराजस्ता चराचुरुङ्गी र सुँगर-बङ्गुरजस्ता जनावरलाई टोकेका संक्रमित लामखुट्टेले मानिसलाई टोकेमा सर्ने गर्दछ । यो रोग मानिसबाट मानिसमा भने सर्दैन।

## दुई...

दुई तिहाइ मत नपुग्ने अवस्था बनेको त होइन ? भन्ने प्रश्नमा उनी जवाफ दिन्छन्, ' चाहेको बेला दुई तिहाइ मत पुग्छ । पहिले सांसदहरूको हस्ताक्षर संकलन गर्ने कुरा हो, गऱ्यौं । बाँकी घटनाक्रम आफैं विकास हुँदै जान्छन् ।'

प्रतिनिधिसभा नियमावलीको नियम २१० मा सभामुख वा उपसभामुखले पदअनुकूल आचरण नगरेको भन्ने प्रस्ताव अगाडि बढाउन सकिने व्यवस्था छ ।

कुनै सदस्यलाई सभामुख वा उपसभामुखले आफ्नो पदअनुकूल आचरण गरेको छैन भन्ने लागेमा प्रतिनिधि सभाका तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले प्रस्ताव लैजान सक्छन् ।

२ सय ७५ सदस्यीय सभामा ६९ जना सांसदले यस्तो प्रस्ताव लैजान सक्छन् । तर पारित गर्न दुई तिहाइ मत आवश्यक पर्छ ।

हाल प्रतिनिधिसभामा २ सय ७४ जना सदस्य छन् । रूपन्देही-३ बाट निर्वाचित दीपक बोहराको निधन भएकाले सो स्थान रिक्त छ। २ सय ७४ सदस्यीय सभामा दुई तिहाइका लागि १ सय ८३ सांसद आवश्यक पर्छ ।

कांग्रेसका ८८ र एमालेका ७९ जोड्दा १ सय ६७ पुग्छ। बाँकी साना दलको साथ लिएर १ सय ८३ पुऱ्याउनुपर्नेहुन्छ। यो प्रयास पनि कांग्रेस र एमालेले गरेका छन्। दुई तिहाइ मत पुऱ्याएर उपसभामुख राना हटाउने उनीहरूको चाहना छ ।

उपसभामुख संवैधानिक परिषद्मा सदस्य रहेको पद हो । रानालाई हटाएर कांग्रेसका तर्फबाट निर्वाचित गराउने र संवैधानिक परिषद्मा सहज बनाउने प्रयास कांग्रेस र एमालेको छ। ६ सदस्यीय संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष हुन्छन्। उपसभामुखसहित विपक्षी दलको नेता, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र प्रधानन्यायाधीश सदस्य हुन्छन्। यस परिषदले संवैधानिक नियुक्ति सिफारिस गर्छ ।

## विरोधमा...

फेरि अगाडि बढेको भनेर अब यो विषय लिएर जनतामा जानुपर्ने प्रस्ताव राखे ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको नियत सही नरहेको ब्रिफिङ गरे । दुई तिहाइ बहुमतको प्रयोग गलत ठाउँमा हुन लागेको भनेर खबरदारी गर्नुको विकल्प नरहेको बताए ।

त्यसपछि विपक्षी दलहरू उपसभामुख हटाउने प्रयासको विरोधमा प्रतिवादमा उत्रने निष्कर्षमा पुगेको हो ।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियार सरकारले असंसदीय अभ्यास गर्न लागेको बताउँछन् । असंसदीय अभ्यासको प्रतिवाद हुने उनको जवाफ छ ।

## प्रहरीमा...

राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलका क्रममा रहेको नेपाल प्रहरीसम्बन्धी विधेयक तत्काल अघि बढ्ने अवस्था छैन ।

चालु प्रहरी ऐनअनुसार आइजी दीपक थापा, एआइजीहरू टेकबहादुर तामाङ र सुदीप गिरी भदौ १८ गतेबाट सेवा निवृत्त हुँदै छन्। अर्का एआइजी कृष्णहरि शर्मा पोखरेल भने ५६ वर्षे उमेरहद लागेर भदौ १४ गते नै अवकाश हुँदै छन् । उनीहरूको अवकाशपछि अहिले डिआइजी दर्जामा कार्यरत चार अधिकृतले एआइजीमा बढुवा पाउनेछन् । असोजसम्म थप एक डिआइजी रिक्त हुँदा पाँच एसएसपी डिआइजीमा बढुवा हुनेछन् ।

यससँगै आइजिपी थापाकै ब्याचम्यान प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) चन्द्रकुवेर खापुङ वरीयताका आधारमा ३२ औं आइजिपी हुने लगभग पक्का छ। उनी हाल केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा निर्देशकको जिम्मेवारीमा छन् । खापङुले प्रहरी नेतृत्व सम्हाले पनि उनी आगामी कात्तिक २६ गते अनिवार्य अवकाशमा जानेछन् । दुई महिना नौ दिन मात्रै नेतृत्व गर्नुपर्ने उनको बाध्यता भएकाले सरकारले खापुङलाई छाडेर अरूलाई नै आइजिपी बनाउन सकिने विषयमा समेत राजनीतिक नेतृत्व तहमा छलफल चलेको बताइएको छ । तर वर्तमान प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीनिकट रहेका खापुङलाई नै प्रहरीको कमान्डर बनाउने करिब पक्का छ । त्यसपछि दोस्रो वरीयताको प्रतिस्पर्धामा रहेका सिद्धिविक्रम शाहलाई उनीलगत्तै प्रहरी प्रमुख बनाउनेगरी कांग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री ओली सहमतिनजिक पुगेको बताइएको छ ।

नेपाल प्रहरीको उच्च स्रोतका अनुसार खापुङलाई एकल प्रतिस्पर्धी नबनाउन एआइजीहरू सिद्धिविक्रम शाह, दानबहादुर कार्की, राजन अधिकारी र मनोज केसीसमेत शक्तिकेन्द्रमार्फत आइजिपीको प्रतिस्पर्धामा जुटेका छन् । प्रहरी नियमावलीले एआइजीमध्येबाटै एक जनालाई आइजिपी बनाउने उल्लेख गरेकाले उनीहरूले पनि आफूलाई दाबेदारका रूपमा उभ्याएका हुन् । प्रहरी नियमावली, २०७१ को नियम ४१ अनुसार प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा अतिरिक्त प्रहरी महानिरीक्षकमध्येबाट र एआईजी नभएको अवस्थामा डिआइजीमध्येबाट आइजिपी बनाउन सक्ने व्यवस्था छ । नियमावलीमा लेखिएको छ, ' प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा अतिरिक्त प्रहरी महानिरीक्षकमध्येबाट र एआइजी नभएको अवस्थामा डिआइजीमध्येबाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न सक्नेछ ।' आइजीसहित चार जना प्रहरी अधिकृत अवकाश हुँदा भदौभित्र त्यति नै संख्याका डिआइजीले एआइजी र एसएसपीले डिआइजी हुने मौका पाउने छन् ।

## एआइजीमा....

अनुसन्धान आयोग र विक सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख छन् । अनुसन्धान विभागमा उनीहरू एउटै मिति (२०५३ पुस ५) मा भर्ना भएका अधिकृत हुन् ।

त्यस्तै, डिआइजी ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरुण पौडेल र गोविन्द थपलिया पनि भदौको एआइजी बढुवाको दाबेदारी पेस गरिरहेका छन् । यी पाँचै जना नेपाल प्रहरीको इन्स्पेक्टरमा २०५४ चैत १८ मा भर्ना भएका हुन् । यसमध्ये कार्की कोशी, भट्ट लुम्बिनी, आचार्य गण्डकी, पौडेल बागमती प्रदेश प्रहरी प्रमुख छन् । २०८१ मंसिरमा डिआइजी बढुवा भएका आठमध्ये तीन जना उमेर हदले अनिवार्य अवकाश भइसकेका छन् । सोही बढुवामा डिआइजी भएका सिद्धिविक्रम शाह एआइजी भएर आगामी कात्तिक अन्तिम सातामा प्रहरीको आइजिपी बन्ने लाइनमा बसेका छन् ।

## डिआइजीमा...

हुन् । यीमध्ये राठौर प्रहरी प्रधान कार्यालयको प्रबन्ध शाखा, चतुर्वेदी मधेस प्रदेश प्रदेश, श्रेष्ठ अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विक सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख छन् । अनुसन्धान विभागमा उनीहरू एउटै मिति (२०५३ पुस ५) मा भर्ना भएका अधिकृत हुन् ।

त्यस्तै, डिआइजी ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरुण पौडेल र गोविन्द थपलिया पनि भदौको एआइजी बढुवाको दाबेदारी पेस गरिरहेका छन् । यी पाँचै जना नेपाल प्रहरीको इन्स्पेक्टरमा २०५४ चैत १८ मा भर्ना भएका हुन् । यसमध्ये कार्की कोशी, भट्ट लुम्बिनी, आचार्य गण्डकी, पौडेल बागमती प्रदेश प्रहरी प्रमुख छन् । २०८१ मंसिरमा डिआइजी बढुवा भएका आठमध्ये तीन जना उमेर हदले अनिवार्य अवकाश भइसकेका छन् । सोही बढुवामा डिआइजी भएका सिद्धिविक्रम शाह एआइजी भएर आगामी कात्तिक अन्तिम सातामा प्रहरीको आइजिपी बन्ने लाइनमा बसेका छन् ।

## कोरिया...

कोरियाले इ-९ र इ-७ गरी दुई वटा भिसा प्रणालीबाट विदेशबाट कामदार लैजाने गरेको छ । इ-९ भिसा सामान्य कामदारका लागि र इ-७ भिसा दक्ष कामदारका लागि दिइने गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यविधि बनाएर कम्पनी टु कम्पनीमार्फत इ-७ भिसा प्रणाली खुला गरेको छ । इपिएस प्रणालीबाट इ-९ भिसा प्रणालीमार्फत नेपाली कामदार गइरहेको कोरियामा इ-७ भिसा प्रणाली सुरुवात गरे इपिएस प्रणालीमा चुनौती देखापर्ने कतिपयको भनाइ छ ।

## कुवेतमा...

चर्को जरिमानामा पर्ने चेतावनी दिएको छ ।

कुवेतका प्रथम उपप्रधानमन्त्री तथा गृहमन्त्री शेख फहद युसेफ साउद अल-सबाहको निर्देशनमा श्रम निरीक्षण विभागले कुवेतका मुतला क्षेत्रमा व्यापक निरीक्षण अभियान सुरु गरेको छ । त्यस क्रममा श्रम तथा बसोबास कानुनको उल्लंघन गर्ने १ सय ६८ कामदारहरूलाई पक्राउ गरिएको विभागले जनाएको छ । पक्राउ पर्नेहरूमा १ सय ३० जना घरेलु कामदार र निजी क्षेत्रका ३८ अवैध कामदार रहेका छन् ।

## प्रधानमन्त्रीपछि....

गर्दै स्वास्थ्य क्षेत्रको वास्तविक मूल्यांकन सरकारी प्रतिवेदनले मात्र नभई सेवाग्राहीको सन्तुष्टिले गर्न परिणामलाई प्राथमिकता दिनुपर्ने स्पष्ट पारे ।

'स्वास्थ्य क्षेत्रको अडिट अब सूचकांकले मात्र होइन, सेवाग्राहीले पाउने व्यवहार र सन्तुष्टिले मापन गरिनुपर्छ' मन्त्री पौडेलले भनेका छन्, 'हामीले थालनी गरेका काममा देखिने सुधार ल्याउनुहोस् । कामको मूल्यांकन प्रक्रियाले मात्र होइन, परिणाममा देखिने गरी हुनुपर्छ ।' साथै, मन्त्रालयले अघि सारेका नीतिगत सुधारहरूलाई कार्यान्वयन गरी नागरिकलाई सहज र सुलभ स्वास्थ्य सेवाको प्रत्याभूति दिलाउन मन्त्री पौडेलले सम्बन्धित निकायलाई निर्देशनसमेत दिए ।

सम्झौतामा हस्ताक्षर गर्दै स्वास्थ्य सचिव डा. देवकोटाले मन्त्रीले औंल्याएका समस्या समाधानका लागि मन्त्रालयले ठोस कार्ययोजनाका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

'कार्यसम्पादन करारमा उल्लेखित लक्ष्यहरूलाई समयसीमाभित्रै पूरा गर्न मन्त्रालयले आवश्यक सबै कार्य गर्छ,' सचिव देवकोटाले भनेका छन्, ' नागरिकको स्वास्थ्यसँग जोडिएका सेवामा कुनै सम्झौता हुँदैन, परिणाम निकाल्न मन्त्रालय दृढ छ ।'

प्रशासन सचिव डिल्लीराम शर्माले स्वास्थ्य सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आवश्यक प्रशासनिक सुधार र जनशक्ति व्यवस्थापनमा मन्त्रालयले कुनै कसर बाँकी नराख्ने र कार्यसम्पादन करारको पूर्ण कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

'स्वास्थ्यकर्मीको सरुवा-बढुवालाई वैज्ञानिक, पारदर्शी र व्यवस्थित बनाउन तथा जनशक्तिलाई आवश्यकताका आधारमा परिचालन गर्ने कुरामा हामी प्रतिबद्ध छौं । यो करारको सफल कार्यान्वयनका लागि आवश्यक प्रशासनिक सुधारमा कुनै कमी हुनेछैन,' सचिव शर्माको भनाइ थियो ।

# 'गौर हत्याकाण्डका दोषी कानुनको कठघरामा पुग्नेछन्'

**अभिमनु पटेल/मध्यान्ह**
रौतहट, ३ भदौ

१९ वर्षअघि रौतहटको सदरमुकाम गौरमा भएको नरसंहार 'गौर राईस मिल हत्याकाण्ड' पुनः चर्चामा आएको छ । सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय, गौरलाई निष्पक्ष छानबिन गर्न परमादेश दिएपछि यो मुद्दा फेरि राष्ट्रिय बहसको केन्द्रमा पुगेको हो ।

२०६३ साल चैत २७ गते गौरस्थित राईस मिल प्राङ्गणमा मधेशी जनअधिकार फोरम र माओवादीबीच भएको कार्यक्रम व्यवस्थापनको विवादले भीषण रुप लिएर २७ जना माओवादी नेता तथा कार्यकर्ताको ज्यान गएको थियो । नेकपा एमालेका केन्द्रीय सदस्य तथा रौतहट जिल्ला इञ्चार्ज अजयकुमार गुप्ताले घटनाको वास्तविक योजनाकार तत्कालीन माओवादी नेता प्रभु साह रहेको आरोप लगाएका छन् ।

उनले आफूलाई बारम्बार घटनामा संलग्न देखाउने प्रयास भए पनि सत्य यथार्थ फरक भएको स्पष्ट पारे ।

गुप्ताले भने, 'त्यो बेला जिल्लाका शीर्ष नेता, अधिवक्ता, पत्रकार, नागरिक समाजका अगुवाहरूको नाम प्रभु साहकै निर्देशनमा सूचीमा राखियो । मेरो नाम पनि पहिलो नम्बरमा राखियो।



तर घटना घट्दा मलाई कार्यक्रममा भाग लिनुपर्नेबारे कुनै जानकारी थिएन । यो नरसंहार प्रभु साहकै स्वार्थ र योजनाबद्ध निर्देशनमा भयो ।' उनका अनुसार साहकै आदेशमा तत्कालीन माओवादी कार्यकर्ताहरूलाई परिचालन गरी मधेशी जनअधिकार फोरम नेपालको मञ्चमाथि आक्रमण गराइएको थियो । सो आक्रमणकै क्रममा ठूलो संख्यामा माओवादी नेता तथा कार्यकर्ताको ज्यान गएको हो ।

गुप्ताले भने, 'न्यायपालिका सर्वोच्च हो। दोषी जतिसुकै शक्तिशाली भए पनि न्यायको आँखाबाट बच्न सक्दैन। हामी निष्पक्ष छानबिन चाहन्छौं र अदालतलाई आवश्यक सम्पूर्ण सहयोग गर्नेछौं । पीडित परिवार १९ वर्षदेखि न्यायको प्रतीक्षामा छन् । अब सत्य बाहिर आउँछ र दोषी कानुनको कठघरामा पुग्नेछन् ।'

उनले आफूलाई राजनीतिक प्रतिशोधका कारण पटक-पटक फसाउन खोजिएको दाबी गर्दै भने, 'मेरो जीवन वा राजनीतिक यात्रामा यो मुद्दाले कुनै अवरोध ल्याउने छैन। बरु पीडित परिवारलाई न्याय दिलाउने प्रक्रियामा सहयोग पुग्नेछ । एमाले सधैं जनताको निर्णयलाई सर्वोपरी मान्छ र न्यायपालिकाको आदेशलाई सम्मान गर्छ ।'


गुप्ताले थपे, 'आफैं झाक्री, आफैं बोक्सी बनेर घटनालाई बारम्बार भिन्न रूप दिने प्रभु साहको चाल अब काम लाग्दैन । यो छानबिनले षड्यन्त्रकारीको वास्तविक अनुहार समाज र राष्ट्र सामु प्रस्ट पार्नेछ ।'

# लोकतान्त्रिक आन्दोलनका योद्धा कोइरालाको निधन

**काठमाडौं/मस-** लोकतान्त्रिक आन्दोलनका योद्धा एवं समाजसेवी बासु (बासुदेव शरण) कोइरालाको मंगलबार निधन भएको छ। केही समययता अस्वस्थ्य रहेका ९३ वर्षीय कोइरालाको सर्लाहीको जुटपानी (नवलपुर) स्थित आफ्नै निवासमा निधन भएको उनका आफन्त वरिष्ठ पत्रकार हरिहर विरहीले जानकारी दिए ।

उनले आफ्नो शरीर बिपी कोइरालाको नाममा स्थापित धरानको स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चिकित्सा विज्ञान अनुसन्धान गर्ने विद्यार्थीहरूको सहयोगार्थ दान दिएअनुसार उनको पार्थिव शरीर अस्पताले ग्रहण गरेको छ ।

काभ्रेको खोपासीमा ९३ वर्षअघि जन्मिएका उनी २०१२ सालदेखि नेपाली कांग्रेसको नीति, कार्यक्रममा समर्पित थिए । उनी विसं २०१५ को निर्वाचन,



सुवर्ण शम्शेरको नेतृत्वको २०१८ को तथा बिपी कोइरालाको आह्वानको २०३०-३२ को सशस्त्र सशस्त्र संघर्ष एवं २०४२ को सत्याग्रह सक्रिय सहभागी रहे ।

त्यसक्रममा कोइरालाले लामो समय यातनापूर्ण काराबास र ४ वर्ष निर्वासित जीवन भोलेका थिए । मुलुकको शैक्षिक क्षेत्रको उन्नयनमा उल्लेख्य योगदान दिएका उनले काठमाडौं र सर्लाहीमा 'नवजीवन विद्याश्रम' नामक स्तरीय विद्यालय स्थापना र सञ्चालन गरी निःशुल्क पठनपाठनको व्यवस्था गर्ने कार्यमा विशिष्ट भूमिका निर्वाह गरेका थिए ।

आफूलाई भेट्न आउने शुभच्छुलाई सधैं भन्थे, 'परिणाम जे भए पनि इमान, नैतिकता र विवेक नछोड्नु, दीनदुखी र समाजको सेवा गर्नु ।' किसान आन्दोलनमा पनि सक्रिय उनी नेपाल किसान संघको केन्द्रीय अध्यक्ष समेत भएका थिए ।

उनी कांग्रेसको सर्लाही जिल्ला सभापतिका साथै पटकपटक महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य रहेका थिए। पछिल्लो समय उनी सर्लाहीको जुटपानी (नवलपुर) स्थित आफ्नै निवासस्थानमा वृद्धाश्रम स्थापना गरी वृद्धवृद्धाको सेवामा समर्पित थिए । उनकी श्रीमती, एक छोरा र एक छोरी छन्।

# ‘युवाहरु तयार भए पद छोड्छु’

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले युवाहरु तयार भए आफू पद छोड्न तयार रहेको बताएका छन् । मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले अहिले युवाहरुको समय रहेको उल्लेख गर्दै युवाहरु अघि बढेर देश विकासमा लाग्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले वैज्ञानिक खोज, अध्ययनसँगै नयाँनयाँ विकास, आविष्कार र प्रगति भएको बताए ।

उनले नयाँ ढंगले काम गर्ने युवाहरूलाई सरकारले सबै खालको साथ दिने आश्वासन दिए । उनले भने, ‘यो युवाहरुको समय हो । युवाहरु अगाडि बढ्नुपर्छ । युवाहरुले गर्नसक्नुपर्छ । यो कुरा थाहा पाएपछि भन्छन्, तपाईंले किन पद नछोडेको ? म त छोड्न तयार नै छु नि । युवाहरु तयार हुनुपर्‍यो नि त । म इन्करेज गर्न चाहन्छु युथहरुलाई ।’



### परिपूर्ण लोकतन्त्र स्थापनाका लागि सरकार प्रयासरत

प्रधानमन्त्री ओलीले सूचनाको हकसहित सबै मौलिक हकहरुको कार्यान्वयन गर्दै परिपूर्ण लोकतन्त्र स्थापनाका लागि सरकार प्रयासरत रहेको बताएका छन् ।

राष्ट्रिय सूचना आयोगद्वारा आयोजित १९औं राष्ट्रिय सूचना दिवसलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हरेक नागरिकले आवश्यक पाउनुपर्ने तर कानुनले गोप्य राख्नुपर्ने वा सरोकार नै नभएका विषयमा सूचना थुपार्नका लागि माग्ने अभ्यासको अर्थ आफूले नबुझेको टिप्पणी गरे ।

‘हामीले लामो संघर्ष गरेर लोकतन्त्र ल्याएका हौँ । स्वतन्त्रता र सूचनाको हक जस्ता हकका लागि म आफैँ जेलनेल लडेर आएको हो । संविधानमा हामीले जानी बुझीकन मौलिक हकहरुको व्यवस्था गरेकाले त्यसको कार्यान्वयन गर्नुपर्छ भन्नेमा अहिलेको सरकार स्पष्ट छ । हामी सबै फराकिलो, स्वतन्त्र र अनुशासित समाज चाहन्छौँ । परिपूर्ण लोकतन्त्र हाम्रो माध्यम हो, जसभित्र सूचनाको हकसहित सबै हक समावेश गरिएको हुन्छ’, प्रधानमन्त्री ओलीले भने, ‘यहाँ मतलबै नभएको विषयमा पेसेवार सूचनाको हक माग्नेहरु छन् । व्यक्तिका गोपनीयता र अनुसन्धानका क्रममा रहेका विषयमा पनि सूचना पाउनुपर्छ भनेर ढिपी गर्नेहरु छन् । समाज र राज्यमा कतिपय विषय गोप्य नरहने भन्ने हुँदैन । हामीले शपथ ग्रहण गर्दा आवश्यक काम पर्दाबाहेक प्रकट वा व्यक्त गर्ने छैन भन्ने शपथ लिएको हुन्छौँ । त्यसकारण हामी सबै आफ्नो अनुशासन र मर्यादामा रहँदै मौलिक हकको कार्यान्वयनमा लाग्नुपर्छ ।’

प्रधानमन्त्री ओलीले सरकार र सूचना आयोगबीच कुनै अधिकारको लडाइँ तथा तानातान नरहेको उल्लेख गर्दै मौलिक हकको कार्यान्वयनका क्रममा देखिएका समस्यालाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनले सामाजिक सञ्जाललाई दर्ता र करको नियमनमा ल्याउने तथा समाजलाई व्यवस्थित गर्नुपर्नेमा सरकार स्पष्ट रहेको बताए ।

# रासायनिक मल वितरणमा हुने अनियमितता रोक्न कृषि मन्त्रीको निर्देशन

**जनकपुरधाम/मस–** भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री रामनाथ अधिकारीले नेपालको अन्न भण्डार मधेश प्रदेशका किसानलाई रासायनिक मलको वितरण गर्दा हुने समस्या तथा अनियमितता रोक्न निर्देशन दिएका छन् ।



मधेश प्रदेश सुक्खाग्रस्त घोषणा भएपछि विभिन्न पार्टीका सांसदसहित मधेस प्रदेशको स्थलगत निरीक्षण तथा छलफलका लागि आएका मन्त्री अधिकारीले मल वितरणको समस्या दिगो रूपमा समाधान गर्न ठोस योजनासहित अगाडि बढ्नुपर्ने बताए ।

जनकपुरधामस्थित संघीय र प्रदेशलगायतका सरोकारवाला निकायका प्रमुख तथा पदाधिकार ीसँग आज भएको छलफलमा मन्त्री अधिकारीले किसान मल नपाएर भौतारिरहेको भन्ने समाचार आएको उल्लेख गर्दै मल वितरण गर्ने निकायले जिम्मेवारीपूर्वक काम नगरेको तथा उत्तरदायी नभएको देखिए कारबाही गर्ने स्पष्ट पारे ।

अहिले नेपालमा रु २६ करोड मूल्य बराबरको चार लाख ९३ हजार मेट्रिक टन मल आएको बताउँदै उनले यस्तो अवस्थामा किसानले मल नपाउनु दुःखद् विषय भएको उल्लेख गरे । उनले भने, ‘मधेशको १३६ पालिकाका किसानले रासायनिक मल नपाउनु पीडाको विषय हो । यो सम्बन्धित निकायका पदाधिकारी असक्षमता हो ।’

# लमजुङ-पोखरा सहकारी र अन्नपूर्ण अस्पतालबीच छुट सम्झौता



**कास्की/मस–** लमजुङ-पोखरा सम्पर्क समितिद्वारा सञ्चालित लमजुङ पोखरा बचत तथा ऋण सहकारी संस्था र पोखरा-१२ शिवचोकस्थित अन्नपूर्ण महिला तथा बाल अस्पतालबीच छुट सम्झौता भएको छ ।

सम्झौतामा सहकारीका अध्यक्ष बिजली बहादुर गुरुङ र अस्पतालका अध्यक्ष सन्तोष पाण्डेले हस्ताक्षर गरेका छन् ।

यहि भदौ १ गतेदेखि सम्झौता कार्यान्वयनमा आएको समितिका अध्यक्ष गुरुङले जानकारी दिए । सम्झौता अनुसार लमजुङ पोखरा सम्पर्क समिति र समितिअन्तर्गत सञ्चालित सहकारीका सदस्यहरूले अन्नपूर्ण महिला तथा बाल अस्पतालमा उपचार गराउँदा २० प्रतिशतसम्म छुट पाउनेछन् ।

समितिको सिफारिसमा मात्रै उक्त छुट प्रदान गरिने सम्झौतामा उल्लेख छ । हाल समिति र सहकारीमा ५ सय १२ जना सदस्य आवद्ध रहेका छन् । अस्पतालका अध्यक्ष पाण्डे स्वयं पनि लमजुङ जिल्लाबासी भएकाले आफ्नै जिल्लाका नागरिकलाई स्वास्थ्य उपचार जस्तो जीवनसँग प्रत्यक्ष जोडिएको क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले यस्तो योजना ल्याएको बताए ।

यो सम्झौता ५ वर्षसम्म कायम रहनेछ । अस्पतालले महिला तथा बालबालिकासहित विभिन्न रोगका उपचारमा विशेषज्ञ चिकित्सकीय सेवा प्रदान गर्दै आएको छ ।

# डोल्पामा बाढीले ९ वर्षीय बालकको मृत्यु

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३ भदौ

हिमाली जिल्ला डोल्पामा बाढीले एक बालकको ज्यान लिएको छ । डोल्पाको माथिल्लो क्षेत्र शे-फोक्सुण्डो गाउँपालिका-४ नाम्दोका अन्दाजी ९ वर्षीय बालक सोमबार दिउँसो बाढीमा बग्दा मृत्यु भएको हो ।

अविरल वर्षापछि गाउँ नजिकैको खोलामा आएको बाढीमा परेर ग्याल्छेन लामा र उनकी श्रीमती कार्साङ गुरुङका ९ वर्षीय छोरा बगेका थिए । घटनाबारे जानकारी दिँदै शे-फोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष पेमावाङ्छेन गुरुङले दुखद घटना भएको पुष्टि गरे ।

केही दिनदेखि लगातार परेको वर्षाले माथिल्लो डोल्पाका विभिन्न खोलानाला र बस्ती क्षेत्रमा बाढी-पहिरोको जोखिम बढिरहेको छ । जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायव उपरीक्षक (डिएसपी) रुकबहादुर खड्काका अनुसार घटनाबारे विस्तृत विवरण लिन कठिनाइ भइरहेको छ । ‘माथिल्लो डोल्पामा रहेका टावर अवरुद्ध भएकाले सञ्चार सहज छैन’ उनले भने ।

स्थानीयका अनुसार अन्य समयमा पानीको थोपा समेत नदेखिने सुख्खा खोलामा अचानक बाढी आएपछि बालक बगेका हुन् । डोल्पाको उच्च हिमाली क्षेत्रमा जलवायु परिवर्तन र अनिश्चित मौसमका कारण मानवीय तथा भौतिक क्षतिको जोखिम निरन्तर बढिरहेको स्थानीयहरूले बताएका छन् ।

# काठमाडौं जिल्ला रेडक्रसको सभापतिमा पुनः डोटेल



**काठमाडौं/मस–** काठमाडौं जिल्ला रेडक्रसको कार्यसमिति सभापतिमा श्यामकाजी डोटेल पुनः निर्वाचित भएका छन् । शाखाको ४५ औं अधिवेशनले डोटेलको नेतृत्वमा पुनः नयाँ कार्यसमिति चयन गरेको हो । शाखाको उपसभापतिमा विष्णुमान मानन्धर र अञ्जना श्रेष्ठ मास्के चयन भएका हुन । यस्तै मन्त्रीमा बृदिमान शाक्य, कोषाध्यक्षमा लक्ष्मीरत्न तुलाधर, उपमन्त्रीमा नवराज भण्डारी, उपकोषाध्यक्षमा सर्मिला श्रेष्ठ राजभण्डारी निर्वाचित भएका हुन् यसैगरी सदस्यमा अमृत नारायण मानन्धर, रजेन्द्र प्रसाद श्रेष्ठ, लक्ष्मी प्रसाद कुइँकेल, विदुर राज भट्टराई, नवराज काफ्ले, विदुर राज उप्रेती, इश्वर लामा, मञ्जु अर्याल खतिवडा, गोमा बराल, लक्ष्मी कार्की खड्का निर्वाचित भएका छन् ।


**VACANCY ANNOUNCEMENT**

One of the leading Manpower Recruitment Agency in Kathmandu is seeking for following applicant.

Public Relation Officer (PRO) - 3 Male/Female

Salary Negotiable

Requirements:-
★ Minimum 2 years experienced in manpower agency.

Send Your CV at bluebirdoverseas1@gmail.com

BLUE BIRD OVERSEAS PVT. LTD. Lic No. 308/059/060
Kalopul-30, Kathmandu, Nepal
Contact Us at +977-01-4536802, 4538634, 4538935, 9802050571

**UAE मा रोजगार** Ejadah Asset Management Group LLC
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/७/१४ चलानी नं.६०२२७४४० LT No. : 312205

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 55 | 20 | काममा दक्ष | 800 | ३०,४४३/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Kitchen Stewards | 65 | 0 | | 1000 | ३८,०००/- | | | | | | | |
| ३. | Room Attendants | 50 | 10 | | 1000 | ३८,०००/- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र ११ र १२ गते (27 & 28 Aug., 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोबाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

**साउदीमा रोजगार** कम्पनीः ANURIKA CONTRACTING ESTABLISHMENT शहरः SAUDI ARABIA,RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ चलानी नं.: ६०२४३३६९ LT. No.: 329519

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Clinic Workshop Helper | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः THREE BAYS MARINA RESORT II FOR TOURIST ACCOMMODATION शहरः SAUDI ARABIA TABUK
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ चलानी नं.: ६०२४३३७० LT. No.: 329520

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Engineering Manager | 1 | 0 | स. काममा दक्ष | 5500 | २,०४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ११ गते (27 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

HAMDAN EMPLOYMENT SERVICE PVT.LTD. Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506, Email: hamdan773@gmail.com, Website: www.hamdanemployment.com.np

**बहराइनमा रोजगार** कम्पनीः D C C CONTRACTING COMPANY W.L.L. शहरः MANAMA
पूर्व स्वीकृत मितिः २०८२/०४/२९ चलानी नं.: ६०२४३४२२ LT. No.: 329140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workerr/P.Q | 20 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३६,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 40 | 10 | | 100 | ३६,९९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ११ गते (27 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

EASY OVERSEAS PVT. LTD. Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539

**Kuwait मा महिला/पुरूषहरूलाई रोजगार**
Comapny : Wahaj Boulevard Hotel Apartment, Kuwait
WAHAJ BOULEVARD HOTEL
पूर्व स्वीकृती मितिः २०८२/४/३ चलानी नं. ६०२४३३९४ LT# 329537

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Accountant | 2 | 1 | सम्बन्धित काममा दक्ष | 200 | ९१,५८२/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Air Conditioned Technician | 2 | 0 | | 130 | ५९,५२८/- | | | | | | | |
| ३. | Arabic Chef | 2 | 0 | | 250 | १,१४,४७७/- | | | | | | | |
| ४. | Barbers | 2 | 0 | | 150 | ६८,६८६/- | | | | | | | |
| ५. | Barista | 2 | 2 | | 150 | ६८,६८६/- | | | | | | | |
| ६. | Bellman | 2 | 0 | | 100 | ४५,७९१/- | | | | | | | |
| ७. | Carpenter (Wood) | 2 | 0 | | 120 | ५४,९४९/- | | | | | | | |
| ८. | Carpenter Door | 2 | 0 | | 120 | ५४,९४९/- | | | | | | | |
| ९. | Ceramic Tile Workers | 2 | 0 | | 110 | ५०,३७०/- | | | | | | | |
| १०. | Commis I | 1 | 0 | | 200 | ९१,५८२/- | | | | | | | |
| ११. | Decoration Worker/ Helper | 2 | 0 | | 130 | ५९,५२८/- | | | | | | | |
| १२. | Driver | 2 | 0 | | 150 | ६८,६८६/- | | | | | | | |
| १३. | Electrician General | 2 | 0 | | 120 | ५४,९४९/- | | | | | | | |
| १४. | Finance Supervsor | 1 | 0 | | 300 | १,३७,३७३/- | | | | | | | |
| १५. | Front Office Supervisor | 1 | 0 | | 300 | १,३७,३७३/- | | | | | | | |
| १६. | Gardener | 2 | 0 | | 120 | ५४,९४९/- | | | | | | | |
| १७. | Gypsum Board Worker | 2 | 0 | | 130 | ५९,५२८/- | | | | | | | |
| १८. | Hotel Manager | 1 | 0 | | 600 | २,७४,७४७/- | | | | | | | |
| १९. | International Chef | 2 | 0 | | 320 | १,४६,५३१/- | | | | | | | |
| २०. | It Expert | 1 | 0 | | 200 | ९१,५८२/- | | | | | | | |
| २१. | Laundry Man | 2 | 0 | | 120 | ५४,९४९/- | | | | | | | |
| २२. | Massage Therapist | 2 | 2 | | 150 | ६८,६८६/- | | | | | | | |
| २३. | Night Auditor | 2 | 0 | | 430 | १,९६,९०२/- | | | | | | | |
| २४. | Operations Manager | 1 | 0 | | 500 | २,२८,९५५/- | | | | | | | |
| २५. | Painter | 1 | 0 | | 110 | ५०,३७०/- | | | | | | | |
| २६. | Plumber | 2 | 0 | | 110 | ५०,३७०/- | | | | | | | |
| २७. | Purchasing Supervisor | 1 | 0 | | 250 | १,१४,४७७/- | | | | | | | |
| २८. | Quality Supervisor | 1 | 0 | | 300 | १,३७,३७३/- | | | | | | | |
| २९. | Receptionist | 2 | 2 | | 150 | ६८,६८६/- | | | | | | | |
| ३०. | Reservation Agent | 1 | 0 | | 150 | ६८,६८६/- | | | | | | | |
| ३१. | Restaurant Supervisor | 1 | 0 | | 250 | १,१४,४७७/- | | | | | | | |
| ३२. | Room Attendants | 2 | 2 | | 110 | ५०,३७०/- | | | | | | | |
| ३३. | Sales & Marketing | 1 | 0 | | 135 | ६१,८१८/- | | | | | | | |
| ३४. | Security | 2 | 0 | | 125 | ५७,२३८/- | | | | | | | |
| ३५. | Steward | 2 | 0 | | 110 | ५०,३७०/- | | | | | | | |
| ३६. | Supervisor | 1 | 0 | | 350 | १,६०,२६९/- | | | | | | | |
| ३७. | Waiter | 2 | 0 | | 115 | ५२,६५९/- | | | | | | | |
| ३८. | Waitress | 0 | 3 | | 115 | ५२,६५९/- | | | | | | | |
| ३९. | Wall Plaster | 2 | 0 | | 110 | ५०,३७०/- | | | | | | | |

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/८/११ चलानी नं. ६०२२८६८१ LT# 314351

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Receptionist | 0 | 6 | | 150 | ६८,६८६/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

नोट : यसै कम्पनीको लागि Chef-Grill, Bakery/Pastry Man, Executive Chef, House Keeping Supervisor, Cashier हरुको माग भएकाले निःशूल्क परामर्श लिनुहोला ।

अन्तरवार्ता २०८२ भाद्र २९, ३०, ३१ र असोज १, २, ३, ४, ५ गते (14, 15, 16, 17, 18, 19, 20 & 21 Sept., 2025) सम्म यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

बैभव ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९७०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com

**साउदीमा रोजगार** कम्पनीः NETHAR NAJD TRADING LT CO ONE PERSON COMPANY शहरः AL QASSIM
पूर्व स्वीकृत मितिः २०८२/०५/०२ चलानी नं.: ६०२४३३७७ L.T. No.:329543

